लेखापरीक्षण प्रतिवेदन

बराहपोखरी गाउँपालिका, खोटांग

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बराहपोखरी गाउँपालिका, खोटांग

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/395

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
बराहपोखरी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ।

कैफियतसहितको राय

हामीले बराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५ करोड ३१ लाख ३८ स्थानिय तह प्रशासनिक भवन निर्माणमा रु ८३ लाख १४ हजार, स्वास्थ क्षेत्र सुधार कार्यक्रमको रु ६ लाख ६० हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २ करोड २६ लाख १९ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख ५ हजार समेत गरी रु. ८ करोड ५१ लाख ३६ हजार समावेश गरेको छैन ।
२. गाँउपालिकाको रू. ८१ करोड ७८ लाख ९६ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ५२ लाख ५४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू. ९९ लाखको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रू. १ करोड ५३ लाख ५४ हजार बेरुजु बाँकी रहेको छ । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४३ लाख १५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १० लाख २६ हजार रहेको छ । गत वर्षसम्म रु.१५ करोड ४५ लाख ०२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ८६

लाख ९१ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बराहपोखरी गाँउपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यो बराहपोखरी गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बराहपोखरी गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । बराहपोखरी गाउँ कार्यपालिका, गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
५९	३६	२,५२,५४,२५२	०	११	९९,००,२२०	०	५९	२५	१,५३,५४,०३२	१२,५१९	१,१०,२६,०१६	४३,१५,४९७	०	०	१,५३,४१,५१३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
खोटाङ	१५,४५,०२,०००	०	१,११,६५,०१६	१४,३३,३६,९८४	०	१,५३,५४,०३२	१५,८६.९१,०१६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	३६	भरपाई पेश नभएको	८८,०००
२	२०७७/७८	५६	पेश्की बाँकी	६९,६०,५००
३	२०७७/७८	२२	आर्थिक वर्षको अन्त्यमा पेश्कीः	१२,९६,०००
४	२०७९/८०	३६	सहभागिता भत्ता	७८,०३०
५	२०७९/८०	६६	यातायात खर्च	४८,०००
६	२०७९/८०	७२	बैठक भत्ता	११,०५०
७	२०७९/८०	४५.३	प्रशासकिय भवन	२६,००,०००

८	२०७९/८०	६५	ढिला दाखिला	४४,१९८
९	२०७९/८०	४४.३	उपभोक्ता समिति	३९,२३९
१०	२०८०/८१	३२.२	शिक्षातर्फ	५२,०००
११	२०८०/८१	३७.१, ३७.२	बुवाखोला मुहानगरी सेराखेत सिँचाई योजना	९१,९५,१९१
१२	२०८०/८१	२१	बढी भुक्तानी	१,५६१
१३	२०८०/८१	४०.२	प्रशासकिय भवन निर्माण	८,६२९
१४	२०८०/८१	३४	परामर्श सेवा खरिद	४,९६,०७०
१५	२०८०/८१	३९.१, ३९.२	धाप्लाङ्ग सिन्ताङ्ग बराहपोखरी सडक स्तरोन्नती	८१,९२३
१६	२०८०/८१	४४.१, ४४.२	धाप्लाङ्ग धर्तुङ्ग सिन्ताङ्ग बराहपोखरी सडक स्तरोन्नती	६४,८४६
जम्मा				२,१०,६५,२३६

(८०१०८५०६३०० - बराहपोखरी गाउँपालिका, खोटांग)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्वेश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्वेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०८ देखि २०८०।०५।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको अन्य आय – व्ययतर्फ रु. ८१,७८,९६,७४२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५६५२० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	भ्रमण अवधीमा स्थानीय भत्ता खर्च लेखेको र बिल भरपाई भन्दा बढी भुक्तानी अशुल भएको	५६५२०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५,२८,०७,०००।-, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४०,००,०००।-, र अन्य रु.११,२१,०००।- समेत गरी रु.५७,९२८,०००।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.३ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५,९८,९५४.७६, यस वर्षको प्राप्ति रु.७,३७,३९,४७६.६५,यस वर्षको भुक्तानी रु.७,४२,१९,३०४.८१र बैङ्क मौज्दात रु.६,८८,१८०.६७फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	३,७०,५२,२२२.७६	३२,६४,०४,९६२.८५	३४,३५,३२,९९६.९२	१,९५,३३,५८६.४४
एकीकृत आर्थिक विवरणअनुसार	३,६४,५३,२६८	४०,०१,४४,४३९.५	४१,७७,५२,३०१.७३	१,८८,४५,४०५.७७
फरक	(५९८९५४.७६)	७३७३९४७६.६५	७४२१९३०४.८१	(६८८१८०.६७)

२.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर):** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात

पनि पालिकाको चालु खर्च खातामा रु.६,०६,९१८.७२ र पुँजीगत खातामा रु.१०,७२,३७३.२२ समेत रु.१६,७९,२९१.९४ मौज्दात रहेको पाइयो । पालिकाले उक्त रकम यस आ.व. मा हिसाब मिलान गरेको छ । तोकिएको समयमा हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **पुँजीगत खर्चः** पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरणअनुसार पुँजीगत खर्च रु.११,९९,९३,३२८।- रहेकोमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसार असार महिनाको खर्चको फाँटवारीमा पुँजीगत खर्च रु.११,९३,०५,६४८।- देखिन्छ । एकीकृत आर्थिक विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबीच फरक रकम रु.६,८७,६८०।- को सम्बन्धमा एकिन गर्नुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम**

३.१ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.४ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,९९,९३,३२७.६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३.५

योजनाप्राथमिकीकरणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि ४५ वडागत र पालिकास्तरका कुल ११९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	११९	९	४४	६६
२.	वडास्तरीय	४५	०	१	४४

साना र टुक्रे योजनाः पालिकाले पुँजीगत र अन्य कार्यक्रम तर्फ ५ लाखभन्दा कमका ११० वटा योजना तर्जुमा गरी बजेट विनियोजन र खर्च गरेकोमा १ लाखभन्दा कमका केही योजनाहरुलाई निम्नानुसार उल्लेख गरिएको छः

क्र.स	आयोजनाको नाम	रकम
१	पालिका स्तरीय समिक्षा बैठक तथा वार्षिक योजना निर्माण कार्यशाला	१४१००
२	स्वास्थ्य चौकी बराहपोखरीमा विधुतिय वाईरिङ	४५०००
३	मिलिजुलि समुहको लागि बचत रिन व्यवस्थापन तथा नेतृत्व विकास तालिम	२५५००
४	दुई घरे रुम्दु सडक निर्माण	१०९२४
५	पालिका भवन मुनिको क्रस ड्रुन निर्माण	२२०००
६	भानुभक्त आ.वि सरस्वति मन्दिर निर्माण	६५०००
७	निगाले खानेपानी टयाङ्की मर्मत योजना	९५८२९
८	वडा कार्यालयमा चेनगेट तथा ढोका निर्माण	४७३००
९	विधुतिय मिलि खरिद	८००००
१०	कोलबोटे खोल्सा सुनपातल जालि निर्माण	४९८००
११	रातमाटे अधुरो सुचाई योजना	९५४८७
१२	विर्ता बोझेनी खानेपानी योजना	६५३००
१३	सडक मर्मत	९९५००
१४	पाईप खरिद	६१०००
१५	कृषि तथा भेटेरिनरी सामाग्री खरिद	५००००
१६	खानेपानी पाईप खरिद तथा व्यवस्थापन	४५०००
१७	महिला तथा जनजाति कार्यक्रम	७००००
१८	विधालय शैक्षिक सामाग्री खरिद वडा न.४	५००००
१९	जनसहयोग आ.वि कक्षा कोठा निर्माण	६५०००
२०	मौवाबोटे आ.वि फर्निचर निर्माण	४७५०३
२१	स्वास्थ्य चौकी भवन मर्मत वडा न ३	८५२००
२२	गाउँघर क्लिनिक अधुरो भवन निर्माण वडा नं.२	९६०००
२३	कृषि पशुपन्छी तथा मत्स्य तथ्याक अध्यावद्यिक कार्यक्रम	९३६१४
जम्मा		१३७९०५७।-

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्न सक्दछ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १५७ योजनामात्र कार्यान्वियन भई ७ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	६०७००५००	५३३९९३३८	१६
२	पूर्वाधार विकास	५९४०९०००	५०९८९१८२.२	१५
३	सामाजिक विकास	१७७३९३०००	१६२८३६४३२	४७
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	५४४१०००	३१३९८५१.९९	१
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	८६४२९५३४	७३१६८१९२.२	२१
जम्मा		**३८९३७३०३४**	**३४३५३२९९७**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १ प्रतिशत रहेको छ। पालिकाले यस वर्ष वातावरण र विकासमा बजेट विनियोजन गरेको देखिएन। समानुपातिक तवरले स्थानीय स्तरमा रोजगारी सिर्जना र उत्पादन बृद्धि हुनेगरी बजेट विनियोजन र खर्च गर्नुपर्दछ ।

३.७ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१६,६९,६३२।- राजस्व बाँडफाँड र अनुदानबाट रु.३३,४९,१८,९४१।- समेत रु.३३,६५,८८,५७३।- आम्दानी भएकोमा चालु तर्फ रु.२२,४२,२७,३४८।-र पूँजिगत तर्फ रु.११,९९,९३,३२८।- समेत रु.३४,४२,२०,६७६।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५१,१६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ३०६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.६२ प्रतिशत चालु र ३५.६५ प्रतिशतमात्र प ुँजीगत शिर्षकमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३.८ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	११९३०६	१३१०	१७३७१	५४८३३	४५७९२	२५४२२
प्रतिशत	१००	१	१५	४६	३८	२१.३१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११ करोड ९३ लाख ६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१३ लाख १० हजार (१प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ७३ लाख ७१ हजार(१५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५ करोड ४८ लाख ३३ हजार (४६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.४ करोड ५७ लाख ९२ हजार (३८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड ५४ लाख २२ हजार (२१.३१प्रतिशत) खर्च हुनुले आषाढमा आएर खर्चको चाप बढेको कारण सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४ धरौटी र कोषको विवरण

पालिकाले प्राप्त तथा फिर्ता गरेको धरौटीको अवस्था तथा सञ्चालन गरेका कोषहरुको प्राप्ती तथा भुक्तानी देहायअनुसार छः

कोषको नाम	सुरु मौज्दात	यो वर्ष प्राप्त	जम्मा	यो वर्षको खर्च		बाँकी
				फिर्ता	सदरस्याहा	
धरौटी खाता	४८८३५२०.४९	२१८२२२०	७०६५६४०.४९	२२१५५८६.४९	०	४८५०१५४
आकस्मिक कोष	२१०००	०	२१०००	०	०	२१०००
कर्मचारी कल्याण कोष	४८०६९९४	६६४६	४८१३६४०	०	०	४८१३६४०
प्रकोप व्यवस्थापन कोष	५११६९१४	०	५११६९१४	०	०	५११६९१४
महिला बालबालिका विकास कोष	१२००००	०	१२००००	०	०	१२००००
जम्मा	**१४९४८४२८.४९**	**२१८८८६६**	**१७१३७१९४.४९**	**२२१५५८६.४९**	**०**	**१४९२१७०८**

५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका संघ र प्रदेशसँग नबाझिने गरी पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख तयार नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको

खरिद व्यवस्थापन तर्फ

• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नगरेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक नगरेको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

विविध तर्फ

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• पालिकाले बेरुजु तथा संपरीक्षणको अवस्था देखाउने म. ले. प. फाराम ८०१ – बेरुजु लगत र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम पालिका तथा पालिकामा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.३ **सूचना प्रविधि सम्बन्धिः** सुचना प्रविधि सम्बन्धि ऐन, २०७५ को दफा ६९ बमोजिम सरकारी निकायले कम्प्युटर तथा सुचना प्रणालीको प्रयोग गर्दा मन्त्रालयले तोकेको सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र दफा ७० बमोजिम सरकारी निकाय, सार्वजनिक संस्था र वित्तीय तथा स्वास्थ्य सम्बन्धि सूचना प्रयोग गर्ने संस्थाहरुले अनिवार्य रुपमा आफुले प्रयोग गर्ने सुचना प्रणालीको तोकिए बमोजिमको अवधिमा सुरक्षा परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आ.व. २०७७।७८ देखि २०८०।८१ सम्म खरिद तथा नवीकरण गरेका निम्नानुसार रु.२८,३६,९१०।- सफ्टवेयरमा खर्च गरेकोमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्दछ। कार्यालयले कारोवार लेखाङ्कन, अभिलेख र प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणालीगत व्यवस्था ऐनले तोकेको अवधिमा सुरक्षा परिक्षण गरेको अभिलेख लेखापरीक्षण समक्ष पेश भएन। यस सम्बन्धमा देखिएका आन्तरिक नियन्त्रण प्रणाली निम्नानुसार छन् ;

सफ्टवेयर खरिद र प्रयोगको विवरण					
क्र सं	कार्यक्रमको नाम	खरिद गरेको वर्ष	सफ्टवेयर खरिद खर्च	यो वर्षको मर्मत सम्भार खर्च	हालसम्मको खर्च
१	योजना व्यवस्थापन प्रणाली	२०७७।०७८	४८५९००	९७१८०	५८३०८०
२	राजश्व व्यवस्थापन प्रणाली	२०७८।०७९	४९६०००	९९२००	५९५२००
३	Smart Road Key	२०७८।०७९	१२५०००	२५०००	१५००००
४	Municipality Learning Manage Sysetm	२०७८।०७९	२२००००	४४०००	२६४०००
५	Alternative School Learning Management System	२०७८।०७९	३३००००	६६०००	३९६०००
६	Learning Monitoring System	२०७९।०८०	१९७७५०	३९५५०	२३७३००
७	Alternative School Learning Sysetm	२०७९।०८०	९६०५०	१९२१०	११५२६०
८	कृषि एप	२०८०।०८१	४९६०७	0	४९६०७०
जम्मा			२४४६७७०	३९०१४०	२८३६९१०

जडान प्रमाणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृषि तथा कृषक सम्बन्धी मोबाईल एप्लिकेसन खरिद तथा जडानको लागि पुर्वाञ्चल डिजिटल मिडिया टेक्नोलोजिज प्रा.लिसँग सम्झौता गरी रु. ४,९६,०००।- मा खरिद गरेकोमा लेखापरीक्षणको क्रममा अवलोकन गर्दा मोबाईल एप्लिकेसन नभएर वेभ मार्फत प्रयोग गर्न मिल्ने गरी उपलब्ध गराएको देखिन्छ । सम्झौतामा कृषि तथा कृषक सम्बन्धी मोबाईल एप्लिकेसन खरिद भनेर उल्लेख भएको र कृषकले मोबाईलबाट जानकारी प्राप्त गर्न सक्ने गरी एप्लिकेशन विकास गर्न खोजेको पालिकाको भनाई रहेकोले मोबाईल एप्लिकेसनको रुपमा प्लेस्टोरमा देखिएको प्रमाण पेश गर्नुपर्ने रु.

• म. ले. प. फारामहरु विद्युतीय प्रणाली प्रयोगकर्ता विवरण, परिवर्तन र स्थगन माग फाराम तथा अभिलेख ९०१ र ९०२ को प्रयोग गरेको छैन।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ राख्नुपर्नेमा राखेको छैन।

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो गरी अद्यावधिक रुपमा नराखेको।

सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनुपर्दछ ।

प्रमाण पेश नगरेको	४,९६,०००

५.४ **ईन्धन खर्च सम्बन्धमाः** महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि सवारी प्रयोगकर्ताको विवरण र सवारी गुडेको किलोमिटर देखिने विवरण उल्लेख गरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेर ईन्धन खर्च भुक्तानी गरेको छैन । सवारी लगबुक सवारी प्रयोगकर्ताको नाम, सवारी चढ्नेको नाम र सवारी चलेको दुरी (किलोमिटर) उल्लेख नगरी राखेकोले ईन्धनमा भएको खर्च रु.५३,५४,०००।- वास्तविक र एकिन गर्न सकिएन । पालिकाले अनिवार्य रुपमा सवारी लगबुक राखी सवारी चढ्नेबाट प्रमाणित गराई ईन्धन खर्च लेख्नुपर्दछ ।

मर्मत संभार तथा संरक्षण अभिलेख फारामः महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या, २०७४ मार्फत सम्पूर्ण सरकारी कार्यालयहरुलाई महालेखा परीक्षकबाट स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले म. ले. प. फाराम ४१५ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख तथा म.ले.प. फाराम ४१४ मर्मत सम्भार तथा संरक्षण आवेदन फाराम नराखी सवारी साधन मर्मत तथा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालनमा रु.४४,५५,३१९।- खर्च गरेको देखियो। स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी सवारी साधन मर्मत अभिलेख खर्च गर्नुपर्दछ ।

६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, २९ कार्यविधि, १ वटा मापदण्ड, ४ वटा निर्देशिका लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १२ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७ सेवा प्रवाह

७.१ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

७.२ **फोहरमैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

७.३ **लागत सहभागिताः** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको विवरण तयार गरेको छैन। पालिका भित्रका सहकारी संस्थाहरु एकिन गरि एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) तयार गर्नुपर्दछ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९ सम्पत्ति उपयोग र संरक्षण

९.१ **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराइ प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

९.२ **जिन्सीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

९.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था रहेकोमा यो गाउँपालिका र वडा कार्यालयहरुमा रहेको घरजग्गाको क्षेत्रफल र सङ्ख्या, बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधनको विवरण, अतिक्रमणमा परेको जग्गा तथा अतिक्रमण हटाउन गरेको प्रयास आदिको विवरण तयार गरेको देखिएन । पालिकाले सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था एकिन गरी सम्पुर्ण सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी विवरण तयार गर्नुपर्दछ ।

१० आन्तरिक आय तथा असुली

१०.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१०.२ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा

आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५१,०३,५००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु.१६,६९,६३२।- अर्थात अनुमान भन्दा ६७.२८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

ढुङ्गा, गिट्टी, बालुवाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउपालिका वा नगरपालिकाले सङ्कलन गर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत गराएका सबैजसो योजनामा उपभोक्ता समितिले व्यक्तिसँगबाट बालुवा, गिट्टी, ढुगां लगायतका निर्माण सामाग्री खरिद गरेको भरपाई पेश गरेको देखिन्छ । पालिकाको कार्यक्षेत्रभित्रको सार्वजनिक क्षेत्रभित्रबाट संकलन गरिएका बालुवा, गिट्टी, ढुगां जस्ता निर्माण सामाग्री संकलन बापत कर लगाउनको लागि पालिकाले कुनै प्रयास गरेको देखिदैंन । स्थलगत अवलोकन गर्दा बडा नं. १ स्थित कोकाहा खोलाबाट स्थानीय नागरिकहरुले बालुवा निकाली थुपारिराखेको देखियो । पालिकाले बालुवा, गिट्टी, ढुगां बिक्रीको लागि परामर्शदाताबाट IEE समेत तयार पारेको देखिन्छ । सम्भव भए सम्मका उपायद्वारा आन्तरिक राजश्व वृद्धि गर्ने तर्फ पालिकाको प्रयास हुनुपर्दछ ।

१०.३ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२७६२५८४४६	१६६९६३२	०.६०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०.४ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१०००००	६३३०८	६३.३१
घरजग्गा वहाल कर	१०००००	१९९३३२	१९९.३
व्यवसाय कर	५००००	९०००	१८
वहाल विरौटी शुल्क	५०००	०	०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१०.५ **राजश्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको

सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने गरी कार्य गर्नुपर्दछ।

१०.६ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९,०००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१०.७ **आर्थिक सहायताः** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५१ संघसंस्था र व्यक्तिहरुलाई रु.११,४९,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१६,६९,६३२।- को ६८. ८१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

११ खर्चमा मितव्ययिता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (च) मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट खर्च नगरिएको सुनिश्चित हुनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसार शिर्षकहरुमा खर्च गर्दा सवारी गुडेको किलोमिटर उल्लेख गरी सवारी लगबुक नराखेको, भ्रमण गर्नुको कारण र उद्वेश्य उल्लेख गरी भ्रमण प्रतिवेदन तयार नगरेको, अनुगमन समिति बनाई अनुगमन मुल्याङ्कन नगरेको तथा एउटै कार्यमा दोहोरो हुने गरी अनुगमन गरेको देखिएकोले उक्त कार्यहरु मितव्ययी तवरले सम्पादन भए नभएको एकिन गर्न सकिएन । यसवर्षगाउँपालिकाले चालुतर्फ २२ करोड ४२ लाख २७ हजार खर्च भएकोमा कर्मचारी तथा पदाधिकारी वैठक भत्ता, अनुगमन तथा भ्रमण खर्च, कर्मचारी प्रोत्साहन तथा ईन्धन र विविध तथा विविध कार्यक्रममा रु.१ करोड ९८ लाख ३५ हजार (कुल चालु खर्चको ८.८५ प्रतिशत) खर्च गरेको छ । पालिकाले सरकारी रकम खर्च गर्दा काममा दोहोरोपना नहुने गरी, निश्चित मापदण्ड निर्धारण गरेर खर्च पुष्ट्याई गर्ने प्रतिवेदन, भ्रमण प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा म.ले.प फारामहरुको अवलम्बन गर्नुपर्दछ ।

सि.नं.	खर्चको शिर्षक	खर्च रकम (रु.हजारमा)
जम्मा चालु खर्च		**२२४२२७**
१	कर्मचारी पदाधिकारी बैठक र अन्य भत्ता	४०६३
२	अनुगमन मुल्याङ्कन र भ्रमण खर्च	४२६९
३	ईन्धन पदाधिकारी र कार्यालय प्रयोजन	५३४५
४	विविध खर्च	२९५६
५	कर्मचारी प्रोत्साहन र फिल्ड भत्ता	६६०
६	विविध कार्यक्रम खर्च	२५४२
वैठक, भ्रमण, प्रोत्साहन, विविध र इन्धन खर्चको जम्मा		**१९८३५ (८.८५%)**

१२ अनुदान वितरण र उपयोग

१२.१ **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। यसवर्ष कृषितर्फ पालिकाले एकवटा तरकारी पकेटमा रु.५,००,०००।- र वडा नं.

१ मा फलफुल प्रवर्द्धनमा रु.१४,९५,२३१।- समेत रु.१९,९५,२३१।- अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आउने कार्यक्रममा रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

नाफामूलक संस्थालाई अनुदानःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थालाई व्यवसाय प्रोत्साहनको लागि रु.२,००,०००।- अनुदान दिएको छ । पालिकाले व्यवसाय प्रोत्साहनको लागि नगद अनुदानभन्दा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरी स्थानीय उत्पादन र रोजगारीलाई प्रोत्साहन गर्दै आन्तरिक आय समेतलाई ध्यान दिई अनुदान खर्च गर्नुपर्दछ ।

क्र सं	अनुदान प्राप्त गर्ने संस्था	अनुदान व्यहोरा	अनुदान रु.
१	छुलाछा खुकुरी तथा घरायसी फलामे सामाग्री निर्माण उद्योग	व्यवसाय प्रोत्साहन	५००००
२	जंगल एकीकृत कृषि फर्म	व्यवसाय प्रोत्साहन	१५००००

१२.२ **अनुत्पादक खर्चः**स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, अवलोकन भ्रमण, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.१२,००,०००।-खर्च गरेको छ । पालिकाले आन्तरिक स्रोत समेतको विचार गरी वितरणमुखी र प्रचारात्मक कार्यक्रममा कटौती गरी स्थानिय स्तरमा रोजगारी सिर्जना तथा गरिबी निवारणमा स्रोतसाधनको महत्तम उपयोग हुने गरी खर्च गर्नुपर्दछ।

गोश्वारा भौचर र मिति	कार्यक्रमको नाम	खर्च रकम
५८८।२०८१।३।२३	श्रष्ठा सम्मान कार्यक्रम	१०००००
४८९।२०८१।३।११	कृषि मेला व्यवस्थापन तथा कृषक प्रोत्साहन	२०००००
१३१।२०८०।८।२२	बराहपोखरी रमाइलो महोत्सव	९०००००
जम्मा		१२,००,०००।-

१३ संगठन तथा कर्मचारी व्यवस्थापन

१३.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना स्थायी र २४ जना करारको रुपमा पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत रकृषि अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१३.२ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित बाहेकका पदहरुमा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१३,०६,९४२।-भुक्तानी गरेको पाइयो । उल्लिखित पदहरु बाहेकका पदहरुमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग फाराम भरी पठाई स्थायी रुपमा पदपूर्ति गरी कार्य गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

पद	**नियुक्ति संख्या**	**तलव भत्ता रु.**
सव-ईन्जिनियर	१	४५१४९०
असिष्टेण्ट सव-ईन्जिनियर	२	८५५४५२
जम्मा	३	१३०६९४२।-

१३.३ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गत विगतका लेखापरीक्षण प्रतिवेदनले प्रोत्साहन भत्तालाई आन्तरिक आयसँग तादाम्यता कायम हुनेगरी खर्च गर्नुपर्ने सुझाव दिएकोमा पालिकाले यो वर्ष रु.१०,४६,१००।- प्रोत्साहन भत्ता खर्च गरेको छ । पालिकाले बराहपोखरी गाउँपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता कार्यविधि, २०७८ पारित गरेको भएतापनि कर्मचारीको कार्यसम्पादन मापन गर्ने सूचक, अतिरिक्त कार्य गर्ने क्षेत्र तथा कार्यप्रकृति र समय निर्धारण नगरेको र कार्यालयमा ई हाजिरी समेत भएको नदेखिएकोले प्रोत्साहन भत्ता खर्च लेख्ने कार्य मितव्ययी देखिएन । अतिरिक्त समय गर्नुपर्ने कामको कार्यसम्पादन सूचक, कार्यक्षेत्र, कार्यप्रकृति र समय निर्धारण गरी प्रोत्साहन भत्ता खर्च लेख्नुपर्दछ।

१४ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख रुपैयाँभन्दा बढिको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार विभिन्न औषधी, ल्यापटप, फर्निचर लगायतका सामग्री खरिद गरेकोमा लागत अनुमान तयार तथा स्वीकृत नगरी सोझै प्रस्ताव मार्फत रु.१,०२,८४,३४१।- सामग्री खरिद गरी भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद ऐनअनुसार खरिद कार्यमा उच्चतम प्रतिस्पर्धा कायम गर्दै लागत अनुमान तयार तथा स्वीकृत गरी खरिद गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	कामको विवरण	पार्टीको नाम	रकम
शसर्त चालुतर्फ			**६९१२१९९**
५३।२०८०।९।२५	मसलन्द तथा कार्यालय सामग्री	पुलामी सप्लायर्स एण्ड ट्रेडर्स	९९५०७८
७८।२०८०।१०।२५	पाठ्यपुस्तक छपाई	पिण्डेश्वर प्रिन्टर्स	३८१०१५
८६।२०८०।११।०९	सोलार इन्भर्टर र ब्याट्री खरिद	जगदिश ईम्पेक्स	९९५०००
८७।२०८०।११।०९	स्यानिटरी प्याड खरिद	के. एन. पि. सप्लायर्स	८७४९५९
९८।२०८०।११।१७	औषधी खरिद	हलेसी मेडिसिन सप्लायर्स	९९८०७३
९९।२०८०।११।१७	स्वास्थ्य उपकरण खरिद	चामुण्डा देवी सप्लायर्स	८९८६८९
१०८।२०८०।१२।९	औषधी खरिद	प्रेष्टिज मेडिसेल्स	१०७११५८
१९७।२०८१।३।७	मेशिनरी औजार मर्मत	युनिशा जनरल सप्लायर्स	६९८२२७
समानीकरण चालुतर्फ			**३३७२१४२**
६३।२०८०।६।२७	मसलन्द तथा कार्यालय सामाग्री खरिद	न्यु पशुपति छापाखाना	९८९८०८
१८१।२०८०।९।२५	मसलन्द तथा कार्यालय सामाग्री खरिद	दिव्य ज्वती सप्लायर्स	९९५३६०
२८३।२०८०।११।१७	मसलन्द तथा कार्यालय सामाग्री खरिद	शिला ट्रेडर्स फर्म	९९५८८०
४१३।२०८१।२।४	मसलन्द तथा कार्यालय सामाग्री खरिद	न्यु पशुपति छापाखाना	३९१०९४
जम्मा			१०२८४३४१।-

१५ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम

लाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष १०० जनालाई औसत ६१.४ दिनले ६१४० दिन रोजगारी उपलव्ध गराई रु.४१,४५,०००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यक्रममा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष चालुतर्फ रु. ९५८६११४।- रकमको वस्तु वा सेवा खरिद गरेकोमा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेको देखियो । खरिद ऐन र नियमावली बमोजिम एउटै प्रकृतिको वस्तु प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिमार्फत खरिद कार्य गर्नुपर्दछ ।

गोश्वारा भौचर र मिति	**सामग्रीको नाम**	**पार्टीको नाम**	**भ्याटसहितको मुल्य**
शसर्त चालुतर्फ			**६२१३९७२**
५३।२०८०।९।२५	मसलन्द तथा कार्यालय सामग्री	पुलामी सप्लायर्स एण्ड ट्रेडर्स	९९५०७८
७८।२०८०।१०।२५	पाठ्यपुस्तक छपाई	पिण्डेश्वर प्रिन्टर्स	३८१०१५
८६।२०८०।११।०९	सोलार इन्भर्टर र ब्याट्री खरिद	जगदिश ईम्पेक्स	९९५०००
८७।२०८०।११।०९	स्यानिटरी प्याड खरिद	के. एन. पि. सप्लायर्स	८७४९५९
९८।२०८०।११।१७	औषधी खरिद	हलेसी मेडिसिन सप्लायर्स	९९८०७३
९९।२०८०।११।१७	स्वास्थ्य उपकरण खरिद	चामुण्डा देवी सप्लायर्स	८९८६८९
१०८।२०८०।१२।९	औषधी खरिद	प्रेष्टिज मेडिसेल्स	१०७११५८
समानीकरण चालुतर्फ			**३३७२१४२**
६३।२०८०।६।२७	मसलन्द तथा कार्यालय सामाग्री खरिद	न्यु पशुपति छापाखाना	९८९८०८
१८१।२०८०।९।२५	मसलन्द तथा कार्यालय सामाग्री खरिद	दिव्य ज्वती सप्लायर्स	९९५३६०
२८३।२०८०।११।१७	मसलन्द तथा कार्यालय सामाग्री खरिद	शिला ट्रेडर्स फर्म	९९५८८०
४१३।२०८१।२।४	मसलन्द तथा कार्यालय सामाग्री खरिद	न्यु पशुपति छापाखाना	३९१०९४
चालुतर्फ जम्मा			९५८६११४।-

१९ **भ्रमण खर्च** (६-२०८०-५-७):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था रहेको छ । पालिकामा कार्यरत लेखापाल सुमन अधिकारीले बिभिन्न मितिमा ११७ दिन भ्रमण

गरी प्रति दिन १०७ को दरले हुने गरी स्थानीय भत्ता कट्टा नगरी स्थानीय भत्ता बुझेको देखियो। भ्रमण खर्च नियमावली अनुसार भ्रमण अवधिमा स्थानीय भत्ता कट्टा नगरी रु.

असुल गर्नुपर्ने	१२,५१९

२० **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा मालसामानको लागत अनुमान अनुसूची १ बमोजिम तयार गर्नुपर्ने र लागत अनुमानको ४ प्रतिशत कण्टिन्जेन्सी वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च गर्दा कण्टिन्जेन्सी निर्देशिका निर्माण गरी तोकिएको कानून र कार्यविधि अनुसार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको विवरण अनुसार चालु बर्षमा कार्यविधि नबनाई रु. ३६७१५५८ कन्टिन्जेन्सी खर्च गरेको छ। कन्टिन्जेन्सी वापत खर्च गर्न सकिने रकम प्रत्येक योजना वाइज संचालनदेखि सम्पन्न अवधिसम्म वर्षगत खर्च विवरण तथा हालसम्म भएको खर्चको योजना वाइज स्पष्ट देखिने गरी अभिलेख राखेको देखिएन । तसर्थ योजनावाइज कन्टिन्जेन्सी खर्चको अभिलेख राखि कार्यविधि तयार गरेर कन्टिन्जेन्सी खर्चको सम्वन्धमा पारदर्शिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

२१ **बढी भुक्तानी** (548-२०८१-३-२१):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१,५६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२ **उपकरण मर्मत** (584-२०८१-३-२३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लागत अनुमान तयार गरी स्विकृत गर्नुपर्ने र मर्मत गराउँदा कुनै मालसामान, उपकरण वा पार्टपुर्जा फेरबदल गर्नुपर्ने भएमा खरिद गरी मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँच हजार भन्दा बढि पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राख्नुपर्ने र त्यस्ता पार्टपुर्जा पुराना उपकरण वा पार्टपुर्जाको लागि प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयका कम्प्युटर मर्मतको लागि ईन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्सबाट दुई पटक (बिजक नं. ३३०४। २०८१।०३।१८ र ३३७०।२०८१।०३।२३) गरी रु. ६९५०६३। लागतका सामान खरिद गरेको देखिन्छ । मर्मत गर्नको लागि लागत अनुमान तयार नगरेको, मर्मत आदेश स्विकृत नगरेको तथा मर्मत गरेको प्राविधिक प्रतिवेदन राखेको देखिएन । खरिद गरिएका सामान स्टोरमा नरहेको, फेरिएका पार्टपुर्जाको स्टोर दाखिला नभएको तथा मर्मत भएको देखिने प्रमाण नभएकोले लागत अनुमान र मर्मत गरेको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	६,९५,०६३

२३ **खरिद कानुनको पालना** (32-२०८०-९-१८):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्सबाट कम्प्युटर, प्रिन्टर लगायतका सामान खरिद गर्दा लागत अनुमान तयार नगरेको, ब्राण्ड नै तोकेर कोटेशन माग गरेको तथा सामानको प्राप्तिपछि स्पेसिफिकेसन अनुरुप भए/नभएको प्राविधिक मूल्याङ्कन तयार नगरेको नियमसंगत देखिदैंन ।

अनियमित भएको	९,८६,०००

२४ **खानेपानी पाईप तथा जस्तापाता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्विकार्दा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले हिमशिखर सप्लायर्स एण्ड ट्रेडर्स र हिमगिरी सप्लायर्स एण्ड ट्रेडर्सबाट खानेपानी पाईप, ट्याङ्की तथा जस्तापाता खरिद गरेकोमा खानेपानी विस्तार तथा मर्मतमा प्रयोग भएको वा उपभोक्तालाई वितरण गरेको भरपाई पेश गरेको छैन । उपभोक्तालाई वितरण गरेको वा खानेपानी विस्तार तथा मर्मतमा प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपुर्दछ ।

भौ.नं./मिति	सामानको विवरण	सालायर्स	रकम रु.
२।२०८०।०५।०७	खानेपानी पाईप	हिमशिखर सप्लायर्स एण्ड ट्रेडर्स	९९६८३३।
७०।२०८०।११।१०	खानेपानी पाईप, ट्याङ्की	हिमशिखर सप्लायर्स एण्ड ट्रेडर्स	८४३१६८।
७८।२०८०।११।१७	जस्तापाता	हिमगिरी सप्लायर्स एण्ड ट्रेडर्स	४९९२१६।
		जम्मा	**२३३९२१७।**

प्रमाण पेश नगरेको	२३,३९,२१७

२५ **सक्कल बिल**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व, नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले सूचना प्रकाशन गरे बापत भौ.नं. २६४।२०८०।११।१० बाट मिडिया गेट प्रा. लि. लाई रकम भुक्तानी गर्दा सक्कल बिल बिना भुक्तानी गरेको देखिएकोले सक्कल बिल पेश गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२२,६००

२६ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

२६.१ (१७७-२०८१-२-१८):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुल, २०७७ को परिच्छेद ६ बुँदा ६.२ मा कार्यक्रमको प्रभावकारी अनुगमनका लागि एक नतिजामा आधारित व्यवस्थापन सूचना प्रणाली (Result Based Management Information System) को स्थापना गरी कार्यान्वयन गरिने र अनुगमन मुल्याङ्कनलाई सफ्टवेयरको माध्यमबाट नजितामा आधारित कृषि व्यवस्थापन सूचना प्रणाली विकास गरी व्यवस्थित गरिने उल्लेख छ । हालसम्म मन्त्रालयले उक्त परियोजना कार्यान्वयनको प्रगती अवस्था मापन गर्ने कुनै सूचना प्रणाली र सूचक समेत तयार गरेको देखिएन । पालिकामा आ.व. २०७९।८० मा स्थापना भई संचालनमा रहेको तरकारी बाली पकेट विकासमा यस वर्ष ५० प्रतिशत अनुदानमा तरकारी बाली साना व्यवसायिक कृषि उत्पादन र ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरणको लागि रु.५००,०००।- खर्च गरेको छ । कार्यक्रमको अनुगमन र मुल्याङ्कन गर्न सूचना प्रणाली प्रविधि तयार नहुँदा लाभग्राही दोहोरिने, कार्यक्रमको निरन्तरता नहुने र लाभग्राहीको लागत सहभागिता समेत सुनिश्चित गर्न नसकिने जोखिम रहन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

२६.२ **कार्यसंचालन प्रक्रियाः** परियोजना कार्यान्वयन म्यानुल, २०७७ को क्रियाकलाप नं. ४.१.९ मा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी स्थानीय निकाय वा अन्य सरकारी निकायमा दर्ता भएका कृषक समूह, कृषि सहकारीहरु, जल तथा वन उपभोक्ता समिति, कृषि फर्म वा कम्पनीहरु बाट अनुसूची-१० बमोजिमको ढाँचामा आवेदन माग गरी अनुसूची-११ बमोजिमको मुल्याङ्कनको आधारमा सम्झौता गरी कार्यसम्पन्न भएपश्चात अनुदान रकम भुक्तानी गरिने उल्लेख छ । पालिकाले एउटा तरकारी बाली पकेट विकास कार्यक्रम संचालनको लागि २०८०।११।०१ मा प्रथमपटक र २०८०।१२।१६ मा दोस्रोपटक सूचना प्रकाशन गरेकोमा समूहबाट कुनै पनि आवेदन प्राप्त भएको देखिँदैन । तर कार्यपालिकाको २०८१।१।२६ को निर्णयानुसार तोकिएको म्यादभित्र कुनै पनि निवेदन दर्ता

नभएकोले ५० प्रतिशत लागत साझेदारीमा इच्छुक कृषकलाई वितरणको लागि विभिन्न ६ जनालाई मिनिटिलरमा रु.२,१०,०००।- र ४४ थान प्लाष्टीक टनेलको लागि रु.२,८१,६००।- समेत रु.५,००,०००।- अनुदान खर्च गरेको छ । विगतको निरन्तरताको लागि पहिलेदेखि नै पकेट कार्यक्रम संचालन गरेका कृषक समूहसँग निवेदन माग गरी सम्झौता गर्नुपर्नेमा आवेदनको कुनै पनि मुल्याङ्कन र कृषियोग्य जमिन तथा लाभग्राहीको संख्या एकिन नगरी कार्यपालिकाको निर्णयको आधारमा कार्यविधि र निर्देशिका विपरीत अनुदान खर्च लेखेको अनियमित भएको रु.

अनियमित भएको	५,००,०००

२६.३ **कार्यसम्पन्न प्रतिवेदनः** लाभग्राही समुह र पालिका बीच भएको सम्झौता अनुसार लागत साझेदारीको अनुदानको दोस्रो पक्षले परियोजना अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिक बाट तयार गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णय र ब्लक संचालन समन्वय समितिबाट निर्णय अनुमोदन गराएपश्चात मात्र अनुदान भुक्तानी गर्नुपर्नेमा कार्यपालिकाले निर्णयबमोजिम व्यक्ति छनौट गरी सम्पुर्ण क्रियाकलापको कार्यसम्पन्न नगराई अनुदान भुक्तानी भएको देखियो । निर्देशिकाको पालना गरी कार्यक्रम खर्च गर्नुपर्दछ ।

२६.४ **प्रगती प्रतिवेदनः** परियोजना कार्यान्वयन म्यानुल, २०७७ को क्रियाकलाप नं. ४.१.१३ मा स्थानीय तहको पशु तथा कृषि शाखाले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईलाई पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले आ.व. २०७९।८० मा स्थापना भई संचालनमा रहेको तरकारी बाली पकेट विकासमा यसवर्ष भएको अनुदान खर्चको प्रगति सम्बन्धित निकायमा पेश गरेको देखिएन । कार्यविधि बमोजिम चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

२७ **कृषि एम्बुलेन्स खरिद** (२४७-२०८१-३-२२):

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३१ख. बमोजिम सार्वजनिक निकायले सवारी साधन उत्पादक कम्पनी वा आधिकारिक विक्रेताबाट ७ देखि १५ दिनको सूचना दिई खरिद गर्न सकिने उल्लेख छ । पालिकाले कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स खरिद गर्न विभिन्न ६ वटा आधिकारीक विक्रेताबाट प्राविधिक र ३ वटासँग आर्थिक प्रस्ताव माग गरी सारभूत रुपमा प्रभावग्राही अग्नि इन्कर्पोरेटेड प्रा.लि. लाई एउटा बोलेरो पिकअप गाडी (Bolero Pick-up Dc 4WD।PS) खरिद वापत संघीय शसर्त चालुबाट रु.१९,७५,०००।- र समानीकरण पूँजीगतबाट रु.११,६५,०००।- समेत रु.३१,४०,०००।- भुक्तानी गरेको छ । पालिकाले कृषि एम्बुलेन्स खरिद तथा सञ्चालन कार्यविधि निर्माण पनि गरेको देखिएन भने तालुक निकायबाट कृषि एम्बुलेन्स खरिदको मापदण्ड समेत तय गरी पत्राचार गरेको छैन । कृषि एम्बुलेन्स भन्नाले कृषि सामग्रीलाई सुरक्षित तवरले ढुवानी गर्न ए.सी. समेत जडान भएको सवारी साधन हुनुपर्दछ । पालिकाले खरिद गरेको कृषि एम्बुलेन्समा ए.सी. जडान गरी कृषि सामग्री ढुवानीमा प्रयोग भएको समेत देखिँदैन । पालिकाले थप आवश्यक सामग्री जडान गरी जुन प्रयोजनको लागि सवारी खरिद गरेको हो सोही प्रयोजनमा प्रयोग गर्नुपर्दछ ।

२८ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १ वर्ष ६ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय चालु बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.२०,६९,२३१।- को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

गोश्वारा भौचर र मिति	फर्मको नाम	भ्याट सहितको मुल्य
९८।२०८०।११।१७	हलेसी मेडिसिन सप्लायर्स	९९८०७३
१०८।२०८०।१२।९	प्रेष्टिज मेडिसेल्स	१०७११५८
	जम्मा	२०,६९,२३१।

२९ शिक्षक दरबन्दी र पदपूर्ति

२९.१ शिक्षा नियमावली, २०५९ को नियम ९८ मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त शिक्षक दरबन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु नहुने र यो व्यवस्था विपरीत कसैले कुनै व्यक्ति वा शिक्षकलाई नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षकको लागि तलब भत्ता वापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरिने व्यवस्था रहेको छ । तर गाउँपालिकाले विद्यालयहरुमा शिक्षक दरबन्दी नै नभएको पदमा सूचना प्रकाशन गरी स्वयंसेवक शिक्षकको लिखित परीक्षा संचालन मार्फत विभिन्न मितिमा २० विद्यालयमा २६ जनालाई नियुक्ति दिई समानीकरण बाट रु.५६,०८,८५७।- पारिश्रमिक खर्च लेखेको पाईयो। सो सम्बन्धी थप व्यहोरा निम्न छन्:

२९.२ विद्यार्थी संख्याको आधारमा शिक्षक नियुक्ति गरेको पालिकाले जनाएपनि शिक्षकको माग आकृती फाराम शिक्षा विकास तथा समन्वय एकाईमार्फत शिक्षक सेवा आयोगमा समेत पठाएको देखिदैँन। गाउँपालिकाको IEMIS अनुसार २०७९, २०८० र २०८१ शैक्षिक वर्षको विद्यार्थी सङ्ख्या क्रमशः ३६६३, ३२२१ र २७४७ को घट्दो क्रममा रहेको देखिन्छ । शैक्षिक सत्र २०८१ सम्म ३८ जना राहत, १४ जना अनुदान र ७४ जना दरबन्दी (स्थायी र करार) शिक्षकको अतिरिक्त २६ जना स्वयंसेवक शिक्षक समेत १५२ शिक्षकलाई विद्यार्थी सङ्ख्यासँग तुलना गर्दा प्रति शिक्षक औसत १८ जना विद्यार्थी हुन आउँछ । पालिकाले विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको विवरण तयार गरी माग आकृती फाराम तालुक कार्यालयमा पठाई आवश्यकता अनुसार मात्र स्वयंसेवक शिक्षक परिचालन गर्नुपर्दछ ।

३० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८७१ जना रहेका छन। पालिकाले के. एन. पि. सप्लायर्स बाट १२९०५ थान स्यानिटरी प्याड रु.८,७४,९५९।- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी गतवर्षको मौज्दातलाई समेत ध्यान दिई त्रैमासिक रुपमा विद्यालयको माग फारामको आधारमा वितरण गर्नुपर्नेमा खरिद गरेपछि एकैचोटी विद्यालयलाई हस्तान्तरण गरेको देखिन्छ।खरिद गरिएका प्याडहरु विद्यालयलाई एकैपटक हस्तान्तरण गरी भण्डारण गर्दा गुणस्तरमा कमी आउने तथा म्यादपूर्व नै प्रयोग हुने नहुने सम्बन्धमा एकिन गर्न सकिएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद र विद्यालयलाई वितरण गर्नुपर्दछ ।

३१ खेदकुदमा खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यक्रम संचालनको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्विकृत भएको हुनुपर्ने र कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्विकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले

खेलकुद सामाग्री वितरण, खेलकुद कार्यक्रममा सहभागिता तथा खेलकुद कार्यक्रम आयोजना लगायतका क्रियाकलापमा रु.१७,५८,१००।- खर्च गरेको छ। यसरी खर्च गर्दा कार्यक्रम स्विकृत गरी नगरेको, खर्चको मापदण्ड नबनाएको, कार्यक्रम संचालन गर्दा खरिद गरिएका सामाग्रीहरु हस्तान्तरण तथा वितरणको मापदण्ड नबनाएको, लक्षित व्यक्तिहरुको विवरण नराखेको, उपलब्धि मुल्याङ्कन गर्ने गरेको देखिएन । लक्षित कार्यक्रम संचालन गर्दा कार्यक्रमको योजना बनाएर उच्च प्रतिफल र उपलब्धी प्राप्त हुने गरी खर्च गर्नुपर्दछ ।

३२ शिक्षातर्फ

३२.१ (७८-२०८०-१०-२५):

सिकाई निरन्तरता कार्यक्रमः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका- २०८०।८१ क्रियाकलाप नं२.७.१३.४९ कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद् समयमा सिकाई निरन्तरताको विनियोजित बजेट सिकाई आपुरण तथा द्रुत सिकाई योजना (Recovery and Accelerated Learning-ReAL)कार्यान्वयन, सिकाई चौतारी Learning Portal अभिमुखीकरण र केन्द्रद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई उत्पादन गरिएका विद्यालय शिक्षाका विषयगत श्रव्यदृश्य पाठहरु टेलिभिजन, मिडिया नेटवर्क, अनलाईन र You-tubeमा आफ्नो अनुकुल समयमा आवश्यकता अनुसार हेर्ने व्यवस्था मिलाउनका लागि शिक्षक, विद्यार्थी र अभिभावकलाई अभिमुखीकरण जस्ता कार्यमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले उक्त बजेट बाल कक्षा र कक्षा १ देखि ५ सम्मको लागि मन्त्रालयबाट २०७६ मा प्रकाशन तथा जारी गरेको नमुनाअनुसार १८७९ वैकल्पिक स्वेच्छिक पुस्तकहरु छपाई गरी पिण्डेश्वर प्रिन्टर्स, विराटनगरलाई रु.३,८१,०१५।- भुक्तानी गरी २०८०।१०।२८ मा विद्यालयहरुलाई हस्तान्तरण गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेअनुसार सूचना र संजालमार्फत शिक्षक, विद्यार्थी र अभिभावकलाई अभिमुखीकरण जस्ता कार्यमा खर्च गर्नुपर्नेमा पुस्तक खरिद गर्ने कार्य प्रभावकारी नहुनुका साथै नियम विपरीत भएको रु.

अनियमित भएको	३,८१,०१५

३२.२ (१३१-२०८१-१-१२):

बढी भुक्तानीः

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२.३ (१९४-२०८१-३-७):

सिकाई केन्द्र अनुदानः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका- २०८०।८१ क्रियाकलाप नं२.७.१३.११ को ६.७ मा स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सिकाई केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली भरेको केन्द्रलाई मात्र अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले निम्नानुसार सिकाई केन्द्रलाई माग फारामको आधारमा माथि उल्लिखित अवस्थाहरुको सुनिश्चितता नगरी रु.२,४०,०००।- एकमुष्ट अनुदान उपलब्ध गराएको छ । उक्त केन्द्रहरुको वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली भरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा अनुदान रकम रु.२,४०,०००।- असुल गर्नुपर्ने.

सिकाई केन्द्रको नाम	रकम
सामुदायिक सिकाई केन्द्र, धर्तुङ	१२००००
सामुदायिक सिकाई केन्द्र, साउनेचौर	१२००००
जम्मा	२४००००

प्रमाण पेश नगरेको	२,४०,०००

३३ **नविकरणीय उर्जा प्रविधि जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद सम्बन्धी कारबाही सुरु गर्नु अघि सम्बन्धित सार्वजनिक निकायको खरिद ईकाईले महाशाखा, शाखाबाट मालसामानको प्रकार, गुणस्तर, परिमाण, आवश्यक पर्ने समय, अनुमानित मूल्य तथा मूल्य व्यहोरिने स्रोत समेत खुलाई खरिद माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तबरले गर्नुपर्ने व्यवस्था छ । संघीय सरकारको नविकरणीय उर्जा प्रविधि जडान अन्तर्गत भौ.नं. ६४।२०८१।०३।२३ बाट रु. ५८७६०० भुक्तानी गरी खरिद गरीएका देहायका सामाग्रीहरु प्रयोग नगरी स्टोरमा रहेको देखिन्छ र खरिद गरिएका सामाग्रीहरुको प्रयोग नगरी स्टोरमा रहेको देखिन्छ । खरिद गरिएका सामाग्री प्रयोग भएको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्दछ ।

सामान	संख्या	रकम रु.
सोलार एलईडि लाईट	१०	१६६११०।
सोलार ब्याट्री	१०	३७०६४०।
सोलार कन्ट्रोलर	१०	५०८५०।
जम्मा		**५८७६००।**

३४ **परामर्श सेवा खरिद**

लागत अनुमान तयार नगरी परामर्श सेवा खरिद: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान अनुसूची १क को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार नगरेकोले तोकिए बमोजिमको नर्म्स तथा दररेट प्रयोग गरे/नगरेको एकिन गर्न सकिएन । पालिकाले देहायका परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार नगरी सोझै तिन वटा प्रस्तावदाताहरुसँग प्रस्ताव माग गरी खरिद गरेको नियमसंगत देखिएन ।

भौ.नं./मिति	कामको विवरण	परामर्शदाता	सम्झौता रकम
६०।२०८१।०३।२२	बुथा खोला दोभान पौवासेरा वडा नं. -५, वेतुवा खोला डुडलुपापुछार वडा नं.-४ र हाँखोप लपुवा खोला वडा नं.-४को झोलुङ्गे पुलको डिपिआर	कल्पक ईन्जिनियर्स प्रा. लि.	७४६४०५।
११३। २०८०।१२। २८	सुनापातल पर्यटन गुरुयोजना निर्माण	कन्सल्ट ईन्जिनियरीङ्ग एण्ड टेक्नोलोजी नेपाल प्रा.लि.	१९८२६६४।
११२। २०८०।१२। २८	वातावरणीय प्रभाव मुल्याङ्कन	आरल ईन्जिनियरीङ्ग सोलुसन्स प्रा.लि.	१९७७७२१।
	वडा कार्यालय र बालकन्या मा.वि.को भवनको डिपिआर	निपुन ग्रुप अफ कम्पनि प्रा.लि.	९८५७७३।
	जम्मा		५६९२५६३

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **४९६,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	५६,९२,५६३

३५ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी उल्लिखित सिमा भन्दा बढि रकमको एउटै व्यक्ति, फर्म, कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न नपाईने व्यवस्था छ ।पालिकाले एकै आर्थिक बर्षमा खरिद नियमावलीमा भएको रु.१० लाखको सिमा नाघ्ने गरी देहाय अनुसारका फर्महरुबाट पटक पटक गरी सामानहरु सोझै खरिद गरेको नियमसंगत देखिदैन ।

गो भौ नं/मिति	फर्मको नाम	सामानको विवरण	रकम
विभिन्न	हिम शिखर सप्लायर्स एण्ड ट्रेडर्स	पाईप तथा कार्यालय सामाग्री	१८९१४८८।
विभिन्न	ईन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स	ल्यापटप तथा कार्यालय सामाग्री	१५७४९५०।
	जम्मा		**३४६६४३८।**

अनियमित भएको	३४,६६,४३८

३६ साना सिचाईं योजना

बराहपोखरी गाउँपालिका साना सिँचाई आयोजना संचालन निर्देशिका, २०७९ को नियम १५ मा कार्यान्वयन हुने साना सिँचाई आयोजनाको सम्झौता रकमको २ प्रतिशतले हुने रकम उपभोक्ता संस्थाले सम्झौता हुनु अगावै मर्मत सम्भार कोषको रुपमा संस्थाको खातामा जम्मा गर्नुपर्ने, नियम २७ मा अन्तिम नापजाँच सम्पन्नपछि कार्यसम्पन्न प्रतिवेदन तथा अन्तिम किस्ता भुक्तानी भई कार्य स्विकार भएको अवस्थामा आयोजना फरफारक भएको मानिने र अन्तिम भुक्तानी भएको ३० दिनभित्र गाउँपालिकाले उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गरिसक्नुपर्ने, तथा नियम ८ मा बाली सघनता र बाली उत्पादकत्व लगायतका आधारमा आयोजनाको प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु. २४५०८१६८। लागतमा ६ वटा साना सिँचाई आयोजना सम्पन्न गरेकोमा उपभोक्ता समितिसँग गरेको सम्झौतामा सम्झौता रकमको १ प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गर्नपर्ने गरी सम्झौता गरेको देखिन्छ । निर्देशिकामा भएको व्यवस्था अनुरुप सम्झौता मनाशिव देखिएन ।सम्झौता बमोजिम मर्मत सम्भार कोषमा जम्मा गरेको

प्रमाण पेश नभएको, आयोजना हस्तान्तरण नभएको तथा आयोजनाको प्रभाव मूल्याङ्कन गरेको देखिएन । देहायका उपभोक्ता समितिहरुले सम्झौता रकमको १ प्रतिशतले हुने रकम रु. २४५०८१। मर्मत संभार कोषमा जम्मा गरी सम्पन्न भएका आयोजना सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार तथा रेखदेखको जिम्मेदारी प्रदान गर्ने तथा आयोजनाको प्रभाव मूल्याङ्कन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

सिँचाई योजना	**सम्झौता रकम**	**१% मर्मत सम्भार रकम**
धापखोला बान्द्रबारी सिँचाई उपभोक्ता समिति	१८७३०७८	१८७३१
नारिमा खोला मुहानगरी बुयाटारसिँचाईउपभोक्तासमिति	३५७६९००	३५७६९
जुके खोला मुहानगरी मालबाँसेसिँचाईउपभोक्तासमिति	१८९१८४२	१८९१८
बुवा खोला मुहानगरी सेराखेतसिँचाईउपभोक्तासमिति	९९६६३७२	९९६६४
लपुवा खोला मुहानगरी टप्पुसिँचाईउपभोक्तासमिति	५३४८५४८	५३४८५
सावा खोला मुहानगरी पोखरे बुदुलेसिँचाईउपभोक्तासमिति	१८५१४२८	१८५१४
जम्मा	**२४५०८१६८।**	**२४५०८१।**

प्रमाण पेश नगरेको	२,४५,०८१

३७ **बुवाखोला मुहानगरी सेराखेत सिँचाई योजना**

बुवाखोला मुहानगरी सेराखेत सिँचाई योजना निर्माणको लागि उपभोक्ता समितिसँग मिति २०८०।०९।०३ मा सम्झौता भएको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् ।

३७.१ उपभोक्ता समिति मार्फत कार्य

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **९,१७४,६९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

३७.२ मुल्य अभिवृद्धि कर

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३७.३ मिति २०८१।०२।१५ सम्म सक्नुपर्ने गरी कार्यादेश दिएकोमा सो अवधिभन्दा ढिलो गरी २०८१।०३।१७ मा नापि लिई ९२ प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ र कार्य स्विकार प्रतिवेदन जारी गरेको देखिएन । सम्झौता अनुसार काम सम्पन्न भएको देखिने गरी कार्य स्विकार प्रतिवेदन जारी गरी सम्बन्धित उपभोक्ता समितिलाई योजना हस्तान्तरण गरी मर्मत सम्भार तथा रेखदेखको जिम्मेवारी दिनुपर्दछ ।

३८ **हेभि ईक्युपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ

। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

भौ.नं./मिति	**योजना**	**कन्स्ट्रक्सन कम्पनि**	**मेसिन भुक्तानी रकम**
८९।२०८०।११।२१	खण्डपुर लुतुवा सडक खण्ड निर्माण	सुन्तले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	८८४०६१।
८७।२०८०।११।२१	मामरे बेतुवा सडक निर्माण	सुन्तले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	१२५००००।
१२५।२०८१।०१।१२	टोड्के यावला सडक निर्माण	पाथिभरा निर्माण सेवा	११३५१४१।
	जम्मा		**३२६९२०२।**

३९ **धाप्लाङ्ग सिन्ताङ्ग बराहपोखरी सडक स्तरोन्नती**

संघीय सरकारको समपुरक अनुदानमा संचालित ठेक्का नं.BPRM/NCB/ WORKS-01/2080-081, धाप्लाङ्ग सिन्ताङ्ग बराहपोखरी सडक स्तरोन्नतीको लागि लागत अनुमान रु. २६०८०९९३।७१ स्विकृत गरी डि.जि.एस./देउपुर/जे.भि.टि.एम.जे.भि. लाई कबोल रकम रु. १७२४१२४४।५७ मा मिति २०८०।०९।०८ मा सम्झौता गरी कार्यादेश दिईएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

३९.१ सडक स्तरोन्नती

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **७९,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९.२ सडक स्तरोन्नती

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-३०** को निर्णयले रू **२,३७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **प्रशासकिय भवन निर्माण**

ठेक्का नं. BPRM/KHOTANG/ WORKS/NCB-05/2077-078, पालिकाको प्रशासकिय भवन निर्माणको लागि कौशिल बस्नेत निर्माण सेवा प्रा.लि. लाई रु. ५६९७०३९२। कबोल रकममा मिति २०७८।०७।०७ मा सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

४०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ भन्ने व्यवस्था छ ।त्यस्तै दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी

सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था छ । मिति २०८०।०१।०५ सम्म कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिईएकोमा मिति २०८०।०१।०४ मा कार्यपालिकाले निर्णय गरी २०८०।१०।०५ सम्म म्याद थप गरेको र पुन: २०८०।०९।०२ मा अन्तिम पटक म्याद थप गर्ने र सो अवधिभित्र काम सम्पन्न नगरे नियमानुसार कारबाही प्रक्रिया अगाडी बढाउने शर्त राखी २०८१।०१।०५ सम्म म्याद थप गरेको र यसरी म्याद थप गरेको मितिसम्म पनि काम गर्न नसकेकोले मिति २०८१।०५।२० सम्म पुन म्याद थप गरेको देखिन्छ । पटक पटक म्याद थप गरी सुरु कार्यादेश अवधिको ९२% समयावधि बढाईएको छ भने सो म्याद समेत समाप्त भईसकेको र लेखापरीक्षण अवधिसम्म म्याद थपको लागि निवेदन प्राप्त भएको देखिँदैन । निर्धारित समयमा काम सम्पन्न नगर्दा कानुन अनुसार कारबाही नगरी पर्याप्त कारण बिना पटक-पटक म्याद थप गर्दै जाने र कार्यपालिकाले अन्तिम पटक म्याद थपेको भनि निर्णय गर्दा समेत कारबाही नगर्नु मनाशिव देखिएन । भौतिक प्रगती ९२% भएको र कानुन अनुसार म्याद सकिनु २१ दिन अगावै मनाशिव कारण सहित निवेदन दिनुपर्नेमा निवेदन प्राप्त भएको नदेखिएकोले कानुन बमोजिम पूर्वनिधारित क्षतिपूर्ति लगाई समयमा काम सम्पन्न गराई सार्वजनिक स्रोत साधनको सहि सदुपयोग गर्ने गरी कार्य गर्नुपर्दछ ।

४०.२ भ्याट रकम

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-३०** को निर्णयले रू **८,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४०.३ सातौ बिल बापत भुक्तानी गर्नुपर्ने रु. ४२६९७५४। भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने १.५ प्रतिशत अग्रिम करकट्टी बापत रु. ६४०४७। र ५ प्रतिशत धरौटी बापत रु. २१३४८९। गरी रु. २७७५३६। कट्टी नगरेकोले अन्तिम बिल भुक्तानी गर्दा कट्टी गरेको प्रमाण पेश गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	२,७७,५३६

४१ **धाप्लाङ्ग धर्तुङ्ग सिन्ताङ्ग बराहपोखरी सडक स्तरोन्नती**

प्रदेश सरकारको समपुरक अनुदानमा संचालित ठेक्का नं.BPRM/Khotang/ WORKS/NCB-02/2080-081, धाप्लाङ्ग धर्तुङ्ग सिन्ताङ्ग बराहपोखरी सडक स्तरोन्नतीको लागि लागत अनुमान रु. १४८७१५६४। स्विकृत गरी शान्तिभूमि कन्स्ट्रक्सन प्रा.लि. लाई कबोल रकम रु. ७७९४५६८।मा मिति २०८०।०८।२२ मा सम्झौता गरी कार्यादेश दिईएकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

४१.१

बढी भुक्तानी

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **५०,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१.२ सक्कल पोलिसी

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **१४,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१.३ मिति २०८०।११।१७ मा कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोमा स्थलगत अवलोकनका क्रममा अधिकांश स्थानमा सडक माथिबाट पहिरो झरी निर्माण गरिएका नाली तथा सडक पुरेको देखिन्छ । सम्बन्धित निर्माण व्यवसायीबाट त्रुटी सच्याउने अवधिभित्रै सडक खुलाउने कार्य गरी नागरिकले सहज रुपमा यात्रा गर्न सक्ने व्यवस्था गर्नुपर्दछ ।

४१.४ बोलपत्र आह्वान गर्दाको समयमा नै धाप्लाङ्ग-धर्तुङ्ग-सिन्ताङ्ग-बराहपोखरी सडकको चेनेज ७+००० देखि ८+००० सम्म स्तरोन्नती गर्ने गरी सूचना प्रकाशन भई सोही अनुरुप ठेक्का बन्दोबस्त गरेको देखिन्छ । तर नापी किताबमा चेनेज ६+००० देखि ७+००० सम्मको रु. ३०२८६९७। र बाँकी चेनेज ७+००० देखि ८+००० सम्मको रु. ५६५४२८६। मुल्याङ्कन गरी कुल रु. ८६८२९८३। भुक्तानी गरेको छ । चेनेज ६+००० देखि ७+००० सम्मको काम कहिले भएको हो एकिन गर्न सकिएन । पलिकाले उक्त सडकको तल र माथिको खण्डमा अलग अलग रुपमा ठेक्का व्यवस्थापन गर्ने क्रममा चेनेज ६+००० देखि ७+००० सम्मको खण्ड छुट भएकोले चेनेज ६+००० देखि काम लगाएको भनेको छ, काममा दोहोरो नपर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बराहपोखरी गाउँपालिका, खोटांग , बराहपोखरी गाउँपालिका , खोटाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विकेन पौडेल	२०७९-१०-२३	२०८०-५-१८
कार्यालय प्रमुख	दिल कुमार अधिकारी	२०८०-६-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	सुमन अधिकारी	२०७९-६-६	२०८०-८-२०
लेखा प्रमुख	छत्र बहादुर बानियाँ	२०८०-८-२१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९७,५८२	२०,६९६,७७७	४,४५९,८९३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२५,२५४,२५२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९,९००,२२०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१५,३५४,०३२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३६४५३२६८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२५११२४६२३	चालु खर्च	२२४२२७३४८
प्रदेश सरकारबाट अनुदान	१७५०१७२१	पूँजीगत खर्च	११९९९३३२८
राजश्व बाँडफाँट	६६२९२५९७	वित्तीय/अन्य व्यवस्था	७३५३१६२६
आन्तरिक आय	१६६९६३२.०		
अन्य आय	६३५५५८६७		
कुल आय	४००१४४४४०	कुल खर्च	४१७७५२३०२
बाँकी मौज्दात		१८८४५४०६	

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

बराहपोखरी गाउँपालिका							
गाउँ कार्यपालिकाको कार्यालय, खोटांग							
कार्यालयको कोड : ८०१०८५०६३००							
वित्तीय प्रतिवेदन							
आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१							
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)							
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	६,६९,९७,९३४.४४	०	६,६९,९७,९३४.४४	८,१३,०७,०६५.५८	०	८,१३,०७,०६५.५८
१३०००	अनुदान	२५,८४,४२,२३३.७७	०	२५,८४,४२,२३३.७७	२४,३५,३०,७००.३६	०	२४,३५,३०,७००.३६
१४०००	अन्य राजस्व	७,५९,७७०.६४	०	७,५९,७७०.६४	८,८९,६९५.००	०	८,८९,६९५.००
१५०००	विविध प्राप्ति	२,०५,०२४.००	०	२,०५,०२४.००	५१,५२९.००	०	५१,५२९.००
क	कुल जम्मा प्राप्ति	३२,६४,०४,९६२.८५		३२,६४,०४,९६२.८५	३२,५७,७८,९८९.९४		३२,५७,७८,९८९.९४
३	चालु	२२,४२,२७,३४८.४३	०	२२,४२,२७,३४८.४३	२२,३५,९९,९७२.४३	०	२२,३५,९९,९७२.४३
२१०००	पारिश्रमिक / सुविधा	११,३६,३३,१४४.६१	०	११,३६,३३,१४४.६१	३,४४,४१,५४७.५१	०	३,४४,४१,५४७.५१
२२०००	मालसामान तथा सेवाको उपयोग	९,८०,७५,५७७.५९	०	९,८०,७५,५७७.५९	७,०८,२३,३९३.२९	०	७,०८,२३,३९३.२९
२५०००	सहायता (Subsidy)	२२,८९,१५०.००	०	२२,८९,१५०.००	८,८६,९३,८४२.६३	०	८,८६,९३,८४२.६३
२६०००	अनुदान	२,००,०००.००	०	२,००,०००.००	२,९२,०००.००	०	२,९२,०००.००
२७०००	सामाजिक सुरक्षा	८६,७५,५२६.२३	०	८६,७५,५२६.२३	७३,३३,०७२.००	०	७३,३३,०७२.००
२८०००	अन्य खर्च	१३,५३,९५०.००	०	१३,५३,९५०.००	२,२०,१६,११७.००	०	२,२०,१६,११७.००
४	पूंजीगत	११,९३,०५,६४८.४९	०	११,९३,०५,६४८.४९	११,५८,७८,२१६.००	०	११,५८,७८,२१६.००
३१११०	भवन तथा संरचना	२,५१,२९,८३७.१९	०	२,५१,२९,८३७.१९	२,१५,४४,५९८.००	०	२,१५,४४,५९८.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	७१,४०,९३३.००	०	७१,४०,९३३.००	१,४२,७१,९६४.००	०	१,४२,७१,९६४.००

३११३०	अन्य पूँजीगत खर्च	२५,०४,२२६.००	०	२५,०४,२२६.००	५९,४४,३६८.००	०	५९,४४,३६८.००
३११५०	सार्वजनिक निर्माण	७,४६,०६,९५७.३०	०	७,४६,०६,९५७.३०	७,३६,५०,७१०.००	०	७,३६,५०,७१०.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	१,८७,४२०.००	०	१,८७,४२०.००	४,६६,५७६.००	०	४,६६,५७६.००
३११७०	पूँजीगत सुधार खर्च	९७,३६,२७५.००	०	९७,३६,२७५.००	०	०	०
ख)	कुल जम्मा भुक्तानी	३४,३५,३२,९९६.९२		३४,३५,३२,९९६.९२	३३,९४,७८,१८८.४३		३३,९४,७८,१८८.४३
ग)	बचत /कमी (ग = क-ख)	(१,७१,२८,०३४.०७)		(१,७१,२८,०३४.०७)	(१,३६,९९,१९८.४९)		(१,३६,९९,१९८.४९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	२,०१,७०४.९५		२,०१,७०४.९५	८६,६२,३६०.२४		८६,६२,३६०.२४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी						
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(१,६९,२६,३२९.१२)		(१,६९,२६,३२९.१२)	(५०,३६,८३८.२५)		(५०,३६,८३८.२५)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	३,६४,५९,९१५.५६		३,६४,५९,९१५.५६	४,२०,८९,०६१.०१		४,२०,८९,०६१.०१
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१,९५,३३,५८६.४४		१,९५,३३,५८६.४४	३,७०,५२,२२२.७६		३,७०,५२,२२२.७६

बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

आयव्यय विवरण							
आर्थिक वर्ष २०८०।८१							
बराहपोखरी गाउँपालिका, बागखोरभन्ज्याङ्ग खोटाङ्ग							
सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		३६४५३२६८	१	चालु खर्च	२२४२२७३४८.४	२२४२२७३४८.४
	(क) नगद	०		२	पूँजीगत खर्च	११९९९३३२७.६	११९९९३३२७.६
	(ख) बैंक	२०४०१९४७.४९					
	(ग) धरौटी	४८८३५२०.४९		३	धरौटी फिर्ता	२२१५५८६.४९	२२१५५८६.४९
	(घ) कोषतर्फ	१११६७८००.०२		४	मौज्दात		१८८४५४०५.७७
२	राजश्व		६७९६२२२९		(क) बैंक मौज्दात	२६०६७३३.८६	
	(क) आन्तरिक राजश्व	१६६९६३२			(ख) धरौटी मौज्दात	४८५०१५४.४८	
	(ख) राजश्व बाँडफाँड	६६२९२५९७			(ग) कोष खाताको मौज्दात	११३८८५१७.४३	
३	वित्तीय हस्तान्तरण संघ		२५११२४६२३	५	सशर्त अनुदान फिर्ता	१०१८४११०.२३	१०१८४११०.२३
	(क) वित्तीय समानीकरण अनुदान	७०४०१०००		६	अन्य खर्च		३२०३९२९.०२
	(ख) सशर्त अनुदान	१७१५६३०००			(क) पर्यटन बोर्ड नेपाल	१००००००	
	(ग) समानीकरण अनुदान	९१६०६२३			(ख) जिल्ला समन्वय समिति	१४७००००	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		१७५०१७२१		(ग) करुणा फाउण्डेशन	४५५७८९.०९	
	(क) वित्तीय समानीकरण अनुदान	४४६५०००			(घ) स्थानीय साझेदारी कार्यक्रम	२७८१३९.९३	
	(ख) सशर्त अनुदान	६५१६०००		७	अन्तर सरकारी अख्तियारीतर्फ	०	५७९२८०००
	(ग) समानीकरण अनुदान	६५२०७२१			(क) सामाजिक सुरक्षा तथा संरक्षण	५२८०७०००	
५	अन्य		२४७००००		(ख) स्थानीय पूर्वाधार विकास कार्यक्रम	४००००००	
	(क) पर्यटन बोर्ड नेपाल	१००००००			(ग) पर्यटन पूर्वाधार विकास आयोजना	९०००००	
	(ख) जिल्ला समन्वय समिति	१४७००००			(घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२२१०००	
६	विभिन्न कोषतर्फको आय		९७५६४६.५				
	(क) विविध खर्च खाता	९६९०००.५					

	(ख) कर्मचारी कल्याण कोष	६६४६					
७	धरौटी आय	२१८२२२०	२१८२२२०				
८	अन्तर सरकारी अख्तियारी		५७९२८०००				
	(क) सामाजिक सुरक्षा तथा संरक्षण	५२८०७०००					
	(ख) स्थानीय पूर्वाधार विकास कार्यक्रम	४००००००					
	(ग) पर्यटन पूर्वाधार विकास आयोजना	९०००००					
	(घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२२१०००					
जम्मा		४३६५९७७०७.५	४३६५९७७०७.५			४३६५९७७०७.५	४३६५९७७०७.५

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरु कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।